# दिप्रुङ चुईचुम्मा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

यान्ङसोलाटार, खोटाङ
Diprung chuichumma Rural Municipality
Office of the Rural Municipal Executive
Yangsolatar, Khotang

पत्र सख्यां :- ०७७/०७८
चलानी नम्वर :

प्रदेश नं. १, नेपाल
मिति :२०७७/०८/३०

श्री वडा कार्यालय (सबै)
दिप्रुङ चुईचुम्मा गाउँपालिका ।

विषयः-माटोको नमुना लिई माटो शिविर संचालन कार्यक्रममा उपस्थित भईदिने बारे ।

प्रस्तुत विषयमा यस दिप्रुङ चुईचुम्मा गाउँपालिकाले माटो परिक्षण शिविर सञ्चालन गर्नु पर्ने भएको हुदा उक्त शिविर सञ्चालन कार्यक्रममा ७ (सात) वटै वडाका सम्पुर्ण कृषक समुहहरु,फर्म,सहकारीहरु तथा अगुवा कृषकहरुले यही मिति २०७७/०९/०६ गतेका दिन माटोको नमुना लिई यस गाउँपालिकाको कार्यालयमा उपस्थित भई माटो परिक्षण गराईदिनु हुन अनुरोध गर्दछु ।

**तरकारी तथा खाद्यान्न बालीको नमुना लिने तरिकाः-**

-S तथा Z आकारमा जग्गा समेटिने गरी V आकारमा कोदालोले माटोको नमुना लिने ।

-१५-२० से.मि (८-१० ईन्च) गहिरो सम्मको माटोको नमुना लिने ।

-७-८ ठाउँ सम्मको सबै माटोको नमुना लिने ।

-त्यस पछि ७-८ ठाउँ सम्मको माटो मिसाई त्यहाँ भएको ढुङगा,डल्ला फुटाई झारपात हटाई सकेपछी त्यस माटोलाई सफा ठाउँ तथा प्लाष्टिकमा खनाई भिजाउने त्यस माटोलाई ४ (चार) भाग बराबरी लगाउने अनी २ भाग माटो फालिदिने त्यस पछि निरन्तर ५०० ग्राम नहुन्जेल सम्म निरन्तर गरिरहने जब ५०० ग्राम तयार भएको माटोलाई सफा प्लाष्टिकमा लगाउने ।

-त्यसपछी प्लाष्टिक बाहिर कागजमा कृषकको नाम ठेगाना,अघिल्लो वर्ष लगाएको बाली नाम,लगाउन चाहेको बालीको नाम,सिंचित तथा असिंचित जग्गा के हो खुलाउने र बाहीरबाट स्टिज लगाउने ।

**फलफुल खेतिको लागि माटोको नमुना लिने तरिकाः-**

S तथा Z आकारमा जग्गा समेटिने गरी V आकारमा कोदालोले माटोको नमुना लिने ।

-३ फिट अर्थात-९० से.मि गहिरो सम्मको माटोको नमुना लिने ।

-७-८ ठाउँ सम्मको माटोको नमुना लिने ।

-०-१ फिट सम्मका माटो छुट्टै राख्ने १-२ फिट सम्मको माटो छुट्टै राख्ने २-३ फिट सम्मको माटो छुट्टै राख्ने ।

-त्यस पछि ७-८ ठाउँ सम्मको माटो मिसाई त्यहाँ भएको ढुङगा,डल्ला फुटाई झारपात हटाई सकेपछी त्यस माटोलाई सफा ठाउँ तथा प्लाष्टिकमा खनाई भिजाउने त्यस माटोलाई ४ (चार) भाग बराबरी लगाउने अनी २ भाग माटो फालिदिने त्यस पछि निरन्तर ५०० ग्राम नहुन्जेल सम्म निरन्तर गरिरहने जब ५०० ग्राम तयार भएको माटोलाई सफा प्लाष्टिकमा लगाउने ।

-त्यसपछी प्लाष्टिक बाहिर कागजमा कृषकको नाम ठेगाना,अघिल्लो वर्ष लगाएको बाली नाम,लगाउन चाहेको बालीको नाम सिंचित तथा असिंचित जग्गा के हो खुलाउने र बाहीरबाट स्टिज लगाउने ।

**थप जानकारीको लागि :-**

१.सरगम बुढाथोकी कृषि संयोजक ९८६३६५९७१७
२.लक्ष्मी प्रसाद रेग्मी कृषि प्राविधिक ९८१०४३६८८५

सरगम बुढाथोकी
कृषि शाखा संयोजक